# लुम्बिनी साँस्कृतिक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

तेस्रो पटक सुचना प्रकाशन मिति २०७८/१०/२०

सूचना ! सूचना !! सूचना !!!

चालू आ .ब. २०७८/०७९ मा लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्वीकृत दोस्रो चौमासिक कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/ कृषक समुह /कृषि सहकारी/कृषि उद्धमी/कृषि फार्मले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् (मिति २०७८/१०/२६गते) भित्र यस नगरपालिकामा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| क.स | कार्यक्रम | न्युनतम मापदण्ड | संचालन गर्ने क्रियाकलाप | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | थोपा सिंचाई कार्यक्रम तथा मल्चिङ कार्यक्रम | थोपा सिंचाई को लागि कम्तिमा १ कट्ठा र बढीमा १ बिगहा हुनुपर्ने छ । | थोपा सिंचाई को लागि पाइप, मल्चिङ प्लाष्टिक प्लाष्टिक ड्रम इत्यादि । | ५०प्रतिशत अनुदानमा बिल रकमको ५० प्रतिशत रकम। |
| २ | नयाँ नर्सरी स्थापना | नयाँ नर्सरी स्थापनाको लागी कम्तिमा ३ कट्ठा र बढीमा १० कट्ठा हुनुपर्ने छ। बार्षिक रुपमा कम्तिमा ,१०००० देखी १५००० फलफूल विरुवा उत्पादन क्षमता भएको हुनु पर्नेछ। | आवश्यक बीउ बेर्ना खरिद कृषि औजार उपकरण खरिद। सिचाई पूर्वाधार, संरचना निर्माण(ग्रीनहाउस सेडहाउस नर्सरी सुरक्षा बारबन्देज आदि) । | ५०प्रतिशत अनुदान । |
| ३ | पेरोमेनट्रयाप वितरण | लहरे तरकारी बाली गर्ने कम्तिमा १ कट्ठा । | | शत प्रतिशत अनुदानमा । |
| ४ | मागको आधारमा कार्यक्रम( फलफूल, तरकारी नगदे बालीको लागी | फलफूल, तरकारी नगदे बालीको कम्तिमा २ कट्ठा र बढीमा १ बिगहा हुनुपर्ने छ । | आवश्यक बीउ बेर्ना खरिद कृषि औजार उपकरण खरिद। | ५०प्रतिशत अनुदान सहयोग । |
| ५ | धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | धान तथा तरकारी बाली २० हेक्टरमा( रैथाने बाली लाई बिशेष ग्राहयता दिइनेछ) | चालु अनुदान:नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, उन्नत बीउ बिजन लगायत विरुवा/बेर्ना उत्पादन सहयोग।पूँजीगत अनुदान | ५०प्रतिशत अनुदान । |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | मेशिनरी औजार, सिंचाइनिर्माण/मर्मत, अन्य | |
| ६ | तरकारी तथा धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | धान तथा तरकारी बाली २० हेक्टरमा । | चालु अनुदानःनविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, उन्नत बीउ बिजन लगायत बिरुवा/बेर्ना उत्पादन सहयोग। पूँजीगत अनुदान मेशिनरी औजार, सिंचाइनिर्माण/मर्मत, अन्य । | पूरनो पकेट । |
| ७ | मकै बीउ वितरण | मकै बालीको कम्तिमा १ कट्ठा र बढीमा १ बिगहा हुनुपर्ने छ। मकै पकेट क्षेत्र वडा १२ र १३ । | मकैको बीउ वितरण । | ५०प्रतिशत अनुदानमा । |

भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकिय अधिकृत

पेश गर्नुपर्ने कागजातहरु

१. कृषक समूह/सहकारी/कृषि उद्यमी दर्ताको प्रमाण पत्रको प्रतिलिपी
२. कृषक समूह/सहकारी/कृषि उद्यमीको निर्णयको प्रतिलिपी
३. कार्यक्रम संचालन हुने स्थान ( जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी
५. कार्य समितिको निर्णयको प्रतिलिपी
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

नोट:बाँकी सुविधा एवम् प्रकृया"साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमसंचालन कार्यविधि"अनूरुप हुनेछ । विस्तृत जानकारी तथा आवेदन फारम सम्बन्धित लुम्बिनी साँस्कृतिक नगरपालिकाको कृषि विकास शाखाबाट प्राप्त हुनेछ।

Scanned with CamScanner